भंगहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः१० मितिः२०७७/१२/०२

**भाग-२**

**भंगहा नगरपालिका**

## भंगहा नगरपालिकाकोनगर प्रहरी सम्वन्धी कार्यबिधी, २०७६

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा भंगहा नगरपालिकाको प्रशासकीय कार्यबिधी नियमित गर्ने ऐन २०७५ मा कर्मचारी प्रशासन संग सम्बन्धित प्राबधान प्रष्ट उल्लेख नभएका बिषयहरु लाई प्रष्ट गर्ने र उल्लेख नभएका बिषयहरु उल्लेख गरी भंगहा नगरपालिकाको नगर प्रहरी सम्बन्धी प्राबधान लाई व्यवस्थित र नियमित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो "नगर प्रहरी सम्वन्धी कार्यबिधी २०७६" बनाई लागू गरिएको छ ।

### परिच्छेद- १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यबिधीको नाम " भंगहा नगरपालिकाको नगर प्रहरी सम्वन्धी कार्यबिधी २०७६" रहेको छ ।

(२) यो कार्यबिधी नगरकार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

(१) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(२) “ नगरपालिका” भन्नाले भंगहा नगरपालिकालाई सम्झनु पर्दछ ।

(३) “मुख्य कार्यालय”भन्नाले भंगहा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(४) “समिति” भन्नाले भंगहा नगरपालिकाबाट नगर प्रहरीको पदपुर्तिका लागि गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(५) “नगर प्रहरी” भन्नाले भंगहा नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(६) “परिवार” भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने निज तथा आफैले पालन पोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(७) “भत्ता” भन्नाले भंगहा नगरपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(८) “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई अर्को सालको आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(९) “कार्यपालिका” भन्नाले भंगहा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(१०) “सभा” भन्नाले भंगहा नगरपालिका नगरसभालाई सम्झनु पर्दछ ।

(११) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(१२) “प्रमुख” भन्नाले भंगहा नगरपालिकाको प्रमुखलाई सम्झिनु पर्दछ ।

(१३) “जवान” भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

(१४) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

(१५) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकेको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कार्यबिधीको व्याख्या नगरपालिकाले गर्ने :

(१) कुनै अधिकारीले यस कार्यबिधीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(२) दफा ३ (१) को सम्वन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

(३) यस कार्यबिधीमा उल्लेखित कुनै बिषयका सम्बन्धमा द्विबिधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अन्तिम अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

भंगहा नगरपालिका स्थानीय राजपत्र

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

४. नगर प्रहरी सेवाको गठन :

(१) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरीसेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोकेबमोजिम हुनेछ ।

५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :

(१) नगरपालिकामा नगर सभाले तोकेको पद र तह रहनेछन् ।

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेद- ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

६. नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने,

(२) नगर पालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने,

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गर्न निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने,

(४) नगरपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रशासन प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने,

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने, लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने गराउने,

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र

(६) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने, तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने,

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जिव जन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुको मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने,

(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा छाडा पशु चौपायको नियन्त्रण गर्ने गराउने,मरेका जीवजन्तु समयमै गाडन लगाउने,

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने,

(१०) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने,

(११) नगरकार्यपालिका, वोर्ड समिति, उपसमिति, विभाग तथा आयोजनाहरुबाट लागूहुने नीति, निर्णय, नियम, मापदण्ड र कानून कार्यान्वयन गर्ने,

(१२) नगरपालिकाको सुव्यवस्था कायम गर्ने, नगरपालिकाको साथै सार्वजनिक सम्पति (चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण तथा भौतिक सम्पति) आदिको सुरक्षा र संरक्षण गर्ने,

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) भंगहा नगरपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने,

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने, सभा सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने,

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने,

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने,

(१९) नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु, सर्कस जस्ता मानोरञ्जनात्मक क्रियाकलापको नियमन गर्ने र जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने,

(२०) भंगहा नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने,

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

(२१) अरुलाई वाधा पुग्ने गरी डिजे, लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

(२२) बजारमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,

(२३) विपद्, महामारी भएमा खोजि, उद्धार, राहत तथा पुर्नस्थापनाका लागि तुरुन्त खटी जाने,

(२४) नगरपालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

(२५) नगरपालिका अर्न्तगतका विभाग, महाशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने,

(२६) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने,

(२७) स्थानीय स्तरमा हुने सभा-समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यस्थापन गर्ने,

(२८) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेख देख र व्यस्थापन गर्ने,

(२९) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने,

(३०) अनाधिकृत निर्माण तथा सार्वजानिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रणको लागि आवश्यक काम गर्ने,

(३१) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद- ४

## **तह विभाजन र पदपूर्ति**

७. पद श्रृजना तथा दरवन्दी खारेज :

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर सभाले तोके वमोजिम हुनेछ ।

(२) पद श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

८. नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :

(१) नगर प्रहरी सहायक निरीक्षक

(२) नगर प्रहरी जवान

९. नियुक्ति गर्ने अधिकारी : नगर कार्यपालिकाबाट गठीत पदपूर्ति समितिको सिफारिसमा नगर कार्यपालिकाले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

१०. पदपूर्ति गर्ने तरिका : (१) नगर प्रहरी सम्बन्धी सम्पूर्ण पदहरु खुल्ला प्रतियोगिताद्धारा करार सेवामा लिई पूर्ति गरीनेछ ।

(२) पदपूर्ति सम्बन्धि परिक्षा लिदा प्रारम्भिक स्वास्थ्य परिक्षण, शारीरिक तन्दुरुस्ती परिक्षण र अन्तरवार्ता मार्फत उमेदवारको छनौट गरिनेछ | साथै आवश्यक परेको खण्डमा लिखित परिक्षालाई पनि छनौटको आधार बनाईने छ |

(३) दफा १० (१) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी प्रतिनिधित्व हुने गरी पदपूर्ति गरिनेछ ।

११. आवश्यक योग्यताहरु :

(क) नगर सहायक प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका नेपाली नागरिकहरुले भाग लिन सक्नेछन् :

(१) दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई २३वर्ष ननाघेको ।

(२) स्वीकृत विश्वविद्यालयबाट घटीमा प्रविणता पमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

(३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

(५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(७) पुरुषको हकमा छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ख) नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता :

(क) दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई २३ वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई.,एस.एल.सि. वा सो सरह उत्तीर्ण गरेको ।

(ग) अन्य योग्यता दफा ११ (क) मा तोकिए वमोजिम हुनेछ ।

१२. नगरपालिकाको पदपूर्ति समितिले नै नगर प्रहरीहरुको पदपूर्ति गर्नेछ । नगरपालिकाले आवश्यक ठानेमा कार्यपालिकाबाट निर्णय गरि नगरपालिकाको एकजना प्रतिनिधि रहने गरी नजिकको नेपाल प्रहरी वा सशस्त्र प्रहरी

इकाईलाई नगर प्रहरी छनौटको जिम्मेवारी दिन सकिने छ | उक्त छनौट कार्यको लागी लाग्ने नियमानुसारको खर्च नगरपालिकाले उपलब्ध गराउने छ |

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -संयोजक

(ख) नेपाल प्रहरी वा सशस्त्र प्रहरीको अधिकृत स्तरको कर्मचारी -सदस्य

(ग) नगर कार्यपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नेपाल सरकार वा कुनै सरकारी निकायका प्रतिनिधि लाई बिज्ञको रुपमा आमन्त्रित गर्न सकिनेछ ।

१३. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) दफा १० (२) बमोजिम पदपूर्तिको लागि समाबेशी प्रतिनिधित्वका वारेमा आवश्यक काम गर्ने,

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका ला(घ) सूचना तथा विज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने,

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

१४. योग्यताक्रम सूची तयार गर्ने : (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) दफा १४ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) दफा १४(३) वमोजिम निर्णय भएको मितिले ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

१५. जेष्ठताक्रम कायम गर्ने : (१) नगर प्रहरी सहायक निरीक्षक तथा नगर प्रहरी जवानको जेष्ठताक्रम कायम गर्दा निजहरुले प्राप्त गरेको कुल अंकको आधारमा कायम गरिनेछ ।



नगरपालिकाको स्थानीय राजपत्र

(२) मुख्य उम्मेदवार तोकिएको अवधि भित्र नियुक्ति लिन नआएमा वा कुनै कारणवश एक बर्ष भित्र पद रिक्त भएमा बैकल्पिक उम्मेदवारलाई नियुक्त गरिनेछ । वैकल्पिक उम्मेदवारहरुले एक वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१६. परीक्षणकालमा राखिने : (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम गरेमामा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले ६ महिना थप परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ र तिन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) दफा १६(१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्नेअधिकारीले अवकाश दिनेछ ।

१७. नियुक्ति सदर :(१) दफा १६ (१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद- ५

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

१८. नगरपालिका प्रशासनको नियन्त्रण रहने : नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१९. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने : नगरपालिकाले नगर प्रहरी सँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

२०. कारवाही गर्दा परामर्श लिनु पर्ने : कुनै पनि तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्शलिन सक्नेछ ।

परिच्छेद- ६

**विदा**

२१. विदा अधिकारको कुरा होइन : (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्‌ना तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहायवमोजिमका विदा पाउनेछन :

१) भैपरी आउने र पर्व विदा

२) विरामी विदा

३) किरिया विदा

४) प्रसुती विदा

५) सट्टा विदा

२२. विदा नलिई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने : (१) यस कार्यबिधी वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी हाजिर हुन पाउने छैन ।

(२) दफा २२ (१) को उल्लंघन गरी हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै विदा बसी पछि हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

२३. भैपरी/पर्व विदा : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई/पर्वभैपरी विदा पाउने छ ।

(२) भैपरी आउने / पर्व विदा साधारणत: एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी आउने / पर्व विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नुपरेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरि वा पर्व बिदा बसेको कर्मचारीले पुरा तलब पाउने छ ।

२४. घर विदा : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक महिनाको १ दिनका दरले बर्ष भरिमा १२ दिन घर विदा पाउने छ ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म संचित राखि जुन सुकै बेला लिन सकिनेछ ।

(३) तर जुनसुकै रुपले सेवाबाट हटने नगर प्रहरी कर्मचारीले बिदाको रकम पाउने छैन ।

(४) घर विदामा वसेको नगर प्रहरी कर्मचारीले पूरा तलव पाउने छ ।

(६) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधि भरको घर विदा पाउने छैन ।

२५. बिरामी विदा :



भग्दा नगरपालिकाको स्थानीय राजपत्र

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस गरे बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब सहित विरामी विदा पाउने छ ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ ।

(३) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छ भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरालाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ ।

(४) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको बिरामी विदा पाउने छैन ।

२६. किरिया विदा : (१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

२७. प्रसूती विदा (१:) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब भत्ता पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

२८. सट्टा विदा : कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन ।

२९. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही : विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

३०. विदा लिने विधि :

(१) यस परिच्छेदवमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफु हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले दफा ३० (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्बीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायमा लेखिए वमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा -

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

३१. गयल खाली जनाउने : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाइ आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफु गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारीमक्षस प्रतिवेदन दिन सक्नेछ ।

३२. झुठो कारण देखाएमा सजाय हुने : कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

## परिच्छेद ७

## **आचरण**

३३. दान उपहार लिन नहुने : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

३४.चन्दा लिन नहुने : कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिम आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

३५. स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने : नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

३६. सम्पत्तिको विवरण दिनुपर्ने (१) : नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएकोमितिले तीन महिना भित्र नगरपालिकामा देहायको विवरणहरु खुलेको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ;

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातका विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

३. दफा ३६ (१) वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

३७. नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने : नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्तको गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

३८. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने : नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरि कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

३९. नगरपालिकाको आलोचना : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गनुर्हुँदैन ।

४०. निर्वाचनमा भाग लिन नहुने : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रचलित कानुनवमोजि आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

४१. राजनीतिमा भाग लिन नहुने : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई कुनै अन्य प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

४२. समय पालन र नियमितता : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

४३. अनुशासन र आज्ञापालन :(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञा लाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति आदर उचित देखाउनुपर्नेछ ।

४४. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

४५. बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध : नगर प्रहरी कर्मचारीले मुलुकी देवानी तथा फौजदारी संहिता ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद- ८

## **सजाय र पुनरावेदन**

४६. सजाय : उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

भंगाहा नगरपालिकाको स्थानीय राजपत्र

४७. नसिहत दिने वा प्रतिकूल राय लेख्ने : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

४८. दर्जा र तलब घटाउने : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपीलिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा,

ख) अनुशासनहीन कार्य गरेमा,

ग) आचरणसम्वन्धी विनियम उल्लंघन गरेमा,

घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिरएमा,

च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

४९. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले अफनो पदीय जिम्मेवारी पूरा र उत्तरदायित्व पूरा गर्न नसकेमा,

ख) राजनीतिमा भाग लिएमा,

ग) वरावर अनुशासनहीनताको काम गरेमा,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी वा दोषि प्रमाणित भएमा,

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

च) भ्रष्टाचार गरेमा,

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा,

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

५०. सजाय सम्बन्धी कार्यविधि : (१) नगर प्रहरीकर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएको आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएकोहरी नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस दफा वमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझगर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।

(५) उप दफा (४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफतारभई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ तर (क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएका भए सो कट्टा गरी बाँकी तलब भत्ता पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरुनै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

५१. सजायको आदेश दिने : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निज संग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

५२. पुनरावेदनको कार्यविधि : (१) दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

भुम्लु गाउँपालिका स्थानीय राजपत्र

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेद**न**मा आफनो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका आदेशको साथमा जुन विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशाकीय अधिकृत मार्फत नगरपालिका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ९

## **तलब, भत्ता**

५३. तलब भत्ता तथा अन्य सुबिधा :

नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको मिति देखि तलब भत्ता तथा अन्य सेवा सुबिधा पाउने छ । तलव भत्ता तोकिए अनुसार हुनेछ । तर कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने अनुपस्थित रहेको मिति देखिको तलब, भत्ता पाउने छैन ।

## परिच्छेद १०

## **तालिम**

५४. तालिम को व्यवस्था : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन नगरपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

५५. प्रारम्भिक पोशाक : (१) सबै नयाँ भर्ना हुने नगर प्रहरी हरुलाई पोशाक निःशुल्क वितरण गरिनेछ ।

५६. नगर प्रहरी पोशाक : नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

५७. जाडो मौसमका लागि दिइने पोशाक : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

५८. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा : नगर प्रहरी कर्मचारीलाई तोकिए अनुसारको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम कपडा तथा सिलाई ज्याला बापत तोकिएको रकम दिइनेछ ।

५९. नगर प्रहरीको पोशाक सट्टा भर्ना : नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि पुगी वा कामकाजको सिलसिलामा फाटी गएमा सट्टा गरी नयाँ दिइनेछ ।

# परिच्छेद ११

## विविध

६०. विभागीय आदेश र निर्देशन : प्रचलित ऐन कानून र यस कार्यबिधीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने बिषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था ।

६१. पुरस्कार : अधिकार प्राप्त पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् ।

६२. चाडबाड खर्च पाउने : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडवाड खर्चको रुपमा पाउनेछ । तर सो रकम नियुक्त भएको छ महिना पुगेको कर्मचारीले मात्र पाउने छ ।

६३. अन्य सुविधा तथा व्यवस्था : (१) नगरपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने अन्य सुविधाहरु तोके बमोजिम हुनेछ ।

६४. बाधा अड्काउ फुकाऊ : नगरपालिका अन्तरगत कार्यरत नगर कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यबिधीमा व्यवस्था भएको हदसम्म यसै कार्यबिधी बमोजिम हुनेछ र यस कार्यबिधीमा व्यवस्था नभएका विषयहरुको हकमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

६५. कार्यबिधी संशोधन : यस कार्यबिधीमा आवश्यक संशोधन भंगहा नगरपालिकाको नगर कार्यपालिकाले गर्ने सक्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

भंगहा नगरपालिकाको स्थानीय राजपत्र